# रुवीभ्याली गाउँपालिकाको आर्थिक ऐन, २०७५

## रुवीभ्याली गाउँपालिका

**धादिङ**

# रुवीभ्याली गाउँपालिकाको आर्थिक ऐन, २०७५

## रुवीभ्याली गाउँपालिका

**धादिङ**

(मिति २०७५।०४।०४ मा सम्पन्न कार्यपालिकाको तेस्रो बैठकबाट पारित)

# रुवीभ्याली गाउँपालिकाको आर्थिक ऐन, २०७५

## रुवीभ्याली गाउँपालिकाको अर्थ सबन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक

प्रस्तावना : रुबीभ्याली गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्ज्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थागर्न वाञ्चनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रुबीभ्याली गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

२. सम्पत्ति करः गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. भूमि कर (मालपोत) : गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भुमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. घर बहाल कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा असुसूची (१) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (१) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. सवारी साधन कर : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधानमा अनुसूची (१) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

७. सेवा शुल्क, दस्तुर : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

८. पर्यटन शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

१०. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

# राजस्व तथा दस्तुर दररेट (आ.व.०७५।७६)

## सिफारिस दस्तुर

| क.सं. | विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र सिफारिस | रु.१०० | |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | रु.२०० | |
| ३ | जग्गा नामसारी सिफारिस | रु.५०० | |
| ४ | नाता प्रमाणित सिफारिस बैदेशिक | रु.५०० | |
| ५ | नाता प्रमाणित सिफारिस स्वदेशी | रु.३०० | |
| ६ | घरबाटो सिफारिस | रु.५०० | |
| ७ | नेपालि पेन्शनपट्टाको सिफारिस | रु.३०० | |
| ८ | भारतिय पेन्शन पट्टाको सिफारिस | रु.५०० | |
| ९ | अन्य मुलुकको पेन्शन पट्टाको सिफारिस | रु.१,००० | |
| १० | बसोबास प्रमाणित(वैदेसिक प्रयोजन) | रु.५०० | |
| ११ | बसोबास प्रमाणित(स्वदेश) | रु.१०० | |
| १२ | मोहि नामसारी सिफारिस | रु.३०० | |
| १३ | नाफामुलक संस्था दर्ता सिफारिस | रु.२,००० | |
| १४ | सेवामुलक दर्ता सिफारिस | रु.२०० | |
| १५ | निजि विद्यालय दर्ता सिफारिस | रु.५,००० | |
| १६ | अपुताली प्रमाणित सिफारिस नेपालको लागि | रु.१०० | |
| १७ | अपुताली प्रमाणित सिफारिस विदेशको लागि | रु.२,००० | |
| १८ | साना तथा घरेलु उद्योगको सिफारिस | रु.१,००० | |
| १९ | मझौला उद्योगको सिफारिस | रु.३,५०० | |
| २० | ठुलो उद्योग स्थापना सिफारिस | रु.१०,००० | |
| २१ | पक्का घरको सर्जमिन | रु.१,००० | |
| २२ | अन्य घरको सर्जमिन | रु.५०० | |
| २३ | अन्य सर्जमिन सिफारिस | रु.३०० | |
| २४ | व्यवसाय दर्ता सर्जमिन | रु.१,००० | |
| २५ | नाम थर संशोधन सिफारिस | रु.५०० | |
| २६ | घर निर्माण सम्पन्न सिफारिस (पक्कि) | रु.५०० | |
| २७ | घर निर्माण सम्पन्न सिफारिस (कच्चि) | रु.२०० | |
| २८ | विद्युत जडान सिफारिस | रु.३०० | |
| २९ | सम्पत्ति मुल्याङकन | रु.३,००० | रु.३०,००,००० सम्मको |
| ३० | सम्पत्ति मुल्याङकन | रु.५,००० | रु.५०,००,००० सम्मको |
| ३१ | सम्पत्ति मुल्याङकन | रु.१०,००० | रु.५०,००,००० भन्दा माथी |

| | | | |
|---|---|---|---|
| ३२ | बैदेशिक प्रयोजन अन्य सिफारिस | रु.२०० | |
| ३३ | निजि धारा टेलिफोन जडान सिफारिस | रु.५०० | |
| ३४ | अस्थाई टहरा निर्माण | रु.५०० | |
| ३५ | छुट जग्गाको सिफारिस | रु.५०० | |
| ३६ | चार किल्लाको प्रमाणित | रु.५०० | |
| ३७ | सामान्य सिफारिस | रु.१५० | |

**पञ्जिकरण**

| **क.सं.** | **विवरण** | **दस्तुर रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | जन्म दर्ता | रु.१०० | |
| २ | विवाह दर्ता | रु.२५० | |
| ३ | बसाईसराई दर्ता | रु.२०० | |
| ४ | सम्बन्ध विच्छेद | रु.५०० | |
| ५ | मृत्यु दर्ता | रु.१०० | |
| ६ | बिवाह विदेशीसंग | रु.२,००० | |
| ७ | ३५ दिन भित्र घटना दर्ता गराए | निशुल्क | |

**मालपोत**

| **क.सं.** | **विवरण** | **दस्तुर रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | अब्बल | रु.१० | प्रति रोपनि |
| २ | दोयम | रु.९ | प्रति रोपनि |
| ३ | सिम | रु.६ | प्रति रोपनि |
| ४ | चाहार | रु.६ | प्रति रोपनि |
| ५ | जरिवाना | रु.२०% | गतको |
| ६ | जरिवाना | रु.३०% | विगतको |

**खनिज**

| क.सं. | शिर्षक | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | खनिज तथा रुवी | प्रति व्यक्ति रु. १५,००० | आन्तरिकलाई प्रवेश शुल्क |
| | | प्रति व्यक्ति रु. २५,००० | बाह्यलाई प्रवेश शुल्क |
| | | १३% | खरिद गर्नेलाई परल मुल्यको |
| २ | जडिबुटी | प्रति व्यक्ति रु. १,००० | आन्तरिकलाई प्रवेश शुल्क |
| | | प्रति व्यक्ति रु. २,५०० | बाह्यलाई प्रवेश शुल्क |
| | | १३% | खरिद गर्नेलाई परल मुल्यको |

**बालुवा, ढुङगा, गिट्टी**

| क.सं. | शिर्षक | दर रेट | कैफियत | |
|---|---|---|---|---|
| १ | बालुवा, गिट्टी | रु. २ | प्रति पाथि | सार्वजानिक मठमन्दिर, गुम्बा, चर्च, बाटो, सार्वजानिक चौतारोको लागि नलाग्ने |
| २ | | | | |

**खर्क व्यवस्थापन**

| क्र.सं. | शिर्षक | दर रेट | |
|---|---|---|---|
| | | संख्या | प्रति गोठ |
| १ | भेडा, च्याङग्र, खशी, बाखा | १ देखि ५० सम्म | १,५०० |
| | | ५० देखि १०० सम्म | २,००० |
| | | १०० देखि माथि | ३,००० |
| २ | राँगा, भैँसी, गाई, गोरु | १ देखि १० सम्म | १,००० |
| | | ११ देखि २० सम्म | २,००० |
| | | २१ देखि ३० सम्म | ३,००० |
| | | ३१ देखि माथि | ५,००० |

**पशु किनबेच**

| क्र.सं. | शिर्षक | दर रेट |
|---|---|---|
| १ | भेडा, च्याङग्र, खशी, बाखा,राँगा, भैँसी, आदि | रु.० पालिका भित्र नलाग्ने |
| | | रु. ५०० प्रति गोटा गाउँपालिका बाहिर लानेलाई |

**अन्य**

| क्र.सं. | शिर्षक | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | धुरी | रु.५०० वार्षिक | |
| २ | खच्चड व्यवसाय | रु.१२०० वार्षिक | प्रति खच्चड |
| ३ | व्यवसाय | रु.१००० वार्षिक | किराना, फेन्सी, स्टेशनरी |
| ४ | होटल व्यवसाय | रु.४००० वार्षिक | |
| ५ | फर्निचर उद्योग | रु.६००० वार्षिक | |

# रुबी भ्याली गाउँपालिकाको बिनियोजन ऐन, २०७५

## रुबीभ्याली गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा रकार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थ ागर्न बनेको ऐन

सभावाट पारित मितिः २०७५।३। ......

**प्रस्तावना :** रुबीभ्याली गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रुबीभ्याली गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम : “रुबीभ्याली गाउँपालिकाको विनियोजन ऐन, २०७४” रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक बर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त *अनुसूची १* मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २५,८७,३४,४४४/- (अक्षरुपी पच्चीस करोड सतासी लाख चौतिस हजार चारसय चवालीस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **बिनियोजन** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७५।०७६ को निमित्त रुबीभ्याली गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरालेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १०% मा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी र खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र बित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षबाट सो शीर्षको जम्मा स्वीकृत रकमको १०% भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनुपर्नेछ ।

**अनुसूची -१**

**(दफा २ सँग सम्बन्धित)**

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | शसर्त खर्च | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका | ३,६०,००००० | १४,०९,१४,४४४ | ८,१३,२०,००० | २५,८२,३४,४४४ |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |